# गौरीगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन-०९१:.४१८०५९, ४१८०६०
वेबसाइट:www.gaurigangamun.gov.np
ई मेल: info.gaurigangamun@gmail.com


पत्र संङ्ख्या: ०८३/०८४
चलानी नं.:

## कर संकलन ठेक्काका सम्बन्धी सूचना ।

दोस्रो पटक सूचना प्रकाशन मिति: २०८३/०५/०५

गौरीगंगा नगरपालिका अन्तर्गत देहायका विषयमा आ.व.२०८३/०८४ को लागि आन्तरिक राजश्व सङ्कलन गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति,फर्म वा कम्पनीहरुबाट तपसिल बमोजिमको सर्तहरूको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गौरीगङ्गा नगरपालिका आन्तरिक आय सङ्कलन ठेक्का कार्यबिधि,२०८० को दफा ३ बमोजिम ७ दिन भित्र शिलबन्दी दरभाउपत्र आह्वान गरीएको छ।

| क्र.स | दरभाउपत्र नं. | कार्यविवरण | पहिलो वर्षको न्यूनतम ठेक्का रकम (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर (रू.) | धरौटी रकम | सम्झौता अवधि |
|---|---|---|---|---|---|---|
| १ | GGM/R01/2083/084 | चमरैया तालमा माछापालन तथा बिक्री वितरण गौरीगंगा न.पा ११ | रु.८,००,०००/- (आठ लाख मात्र) | १०००/- | कवोल अंकको ५% प्रतिशत | सम्झौताको मितिले ५ बर्ष सम्म |
| २ | GGM/R02/2083/084 | जिवजन्तु तथा पशुपंक्षीको व्यवसायिक प्रयोजनका लागि निकासी कर | रु.५,२८,०००/- (पाँच लाख अठ्ठाईस हजार मात्र) | १०००/- | कवोल अंकको ५% प्रतिशत | सम्झौताको मितिले २०८४ असार मसान्त सम्म |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१) सम्झौता गर्दा कबोल अंकको ५०% रकम यस कार्यालयको राजश्व खाता नं <u>0712050028062002</u> मा जम्मा गरेको सक्कल भौचर र बाँकी ५०% रकमको लागि १३ महिना समयावधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सम्झौताका बखत पेश गर्नु पर्नेछ। साथै बहुबर्षिय ठेक्काहरुको हकमा सम्झौता वा नविकरण भएको आर्थिक बर्ष भन्दा थप एक बर्षको कवोल अङ्क बराबरको बैंक जमानत समेत पेश गर्नु पर्ने छ ।

२) ठेक्का नं. GGM/R01/2083/084 को हकमा सम्झौता भएको प्रत्येक दुई बर्षको समाप्ति पश्चात सम्झौता नविकरण गर्दा कबोल अंकमा न्युनतम १०% ले बृद्धि हुनेछ र ठेक्का प्रत्येक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ।

३) कवोल रकम अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

CamScanner

गौरीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौमाला, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
फोन-०९१:.४१८०५९, ४१८०६०
वेवसाइट:www.gauriganggamun.gov.np
ई मेल: info.gauriganggamun@gmail.com

पत्र सङ्ख्या: ०८३/०८४
चलानी नं.:

४) दरभाउपत्र फाराम यस कार्यालयको राजश्व शाखाबाट रू.१०००/- तिरी खरीद गर्न सकिने छ। सो रसिद वा यस कार्यालयको नाममा NIC ASIA बैंक चौमाला शाखामा रहेको आन्तरिक राजश्व खाता नं 0712050028062002मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

५) कबोल कर्ता व्यक्ति, फर्म वा कम्पनि नेपाली नागरिक को भए ५% प्रतिशत र गैर नेपाली नागरिक को भए कबोल अंकको १० प्रतिशत रकम धरौटी राखुपर्ने छ। धरौटी बापतको रकम यस कार्यलयको नाममा **NIC ASIA बैंक चौमाला शाखामा रहेको धरौटी खाता नं.71CA500982524004** मा नगदै जम्मा गरको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक बाट जारी भएको न्युनतम ७५ दिन सम्म मान्य हुने बिडबण्ड शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने छ ।

६) यो सुचना प्रकाशित भएको मितिले ७औ दिनको कार्यालय समय भित्र खरिद गरी ८ औ दिन दिउँसो १२:०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गरी सक्नु पर्नेछ। प्राप्त दरभाउपत्रहरु सोही दिनको १:०० बजे यस कार्यालयमा दरभाउ पत्रदाताको रोहवरमा खोलिने छ। दरभाउपत्रदाताको उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

७) यस ठेक्कामा कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय अन्तिम र सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित नेपाल कानुन र गौरीगंगा नगरपालिकाको आन्तरिक आय ठेक्का बन्दोबस्ती ऐन बमोजिम हुनेछ।

वोलपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१) नागरिकताको प्रतिलिपि
२) फर्म दर्ता तथा नवीकरण
३) पान नं तथा भ्याटमा दर्ता
४) कर चुक्ताको कागजात

.............................
पूनम रेग्मी
अधिकृत सातौ